# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट पुष १२, २०७७ साल संख्याः २**

**भाग – २**

**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिकासभाबाट पारित मिति २०७७।०९।१२

प्रस्तावना :

गाउँपालिकालाई प्राप्त हुने विशेष, शसर्त एवं समपुरक अनुदानमा साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुनआउने कन्टेन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरीकाले खर्च गर्न वाञ्छनिय भएकोले, स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५को दफा (४) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. उद्देश्य :

कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छनः

(क) योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी बापतको रकमलाई पारदर्शी र नियमित रुपमा खर्च गर्ने

(ख) दफा ३ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टेन्जेन्सी बाप( तको रकम खर्च गर्ने,

(ग) कन्टेन्जेन्सी बापतको रकमलाई एकिकृत रुपमा लगत राखी सोको योजना कार्यान्वयनमा सुव्यवस्थित तबरले खर्च गर्ने,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्ने,

(ङ.) कन्टेन्जेन्सी बापतको रकमको यथार्थपरक विवरण अभिलेखिकरण गर्न आदि ।

३. कन्टेन्जेन्सी रकमको व्यवस्था :

गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम कन्टेन्जेन्सी बापतका रकम कट्टा गरी हुन आउने रकमलाई एकिकृत गरी उक्त रकमलाई दफा २ मा उल्लेख भए बमोजिमका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

४. खर्च गर्न सकिने क्षेत्रहरु :

योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी कट्टा रकमलाई गाउँप( ालिकाले देहायका शीर्षकहरुमा मितव्ययिता, पारदर्शी ढंगले खर्च

गर्न सकिनेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासँग सम्बन्धीत प्रशासनिक र बैठक भत्ता लगायत खाजा खाना खर्च,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद ,

(ग) योजना कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु

(ङ) गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(च) लेखा परीक्षण सम्बन्धी खर्च,

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण तालिम गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणको क्रममा भएको यातायात खर्च,

(झ) स्थानीय तह तथा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

५. कन्टेन्जेन्सी रकमको खर्च प्रकृति :

योजना तथा कार्यक्रमको कुल कन्टेन्जेन्सी रकम मध्ये प्रशासनिक (चालु) अधिकतम ५५ र पूँजिगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

६. कन्टेन्जेन्सी रकम एकिकृत तथा खर्च प्रणाली :

गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान

अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी बापतको रकमलाई आर्थिक वर्षको शुरुमा नै एकिकृत रुपमा हिसाब गरी सो को लगत राखिनेछ ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टेन्जेन्सी बापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयनसँगत खर्च गरिनेछ व्यवस्था मिलाइनेछ ।

७. थपघट, हेरफेर वा संशोधन :

विधान समितिको सिफारिशमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

८. बाधा अड्काउ फुकाउने अधिकार :

(क) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार विधान समितिको सिफारिशमा कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर पर्ने गरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

९. यस बमोजिम भए गरेको मानिने :

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टेन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धीत भए गरेका क्रियाकलापहरु यस निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।

आज्ञाले
प्रेमचन्द्र अर्याल
प्रमुख प्रशासकीय अधिकृत